का.जि.प्र.का.द.नं. १००/०५९/६०

❐ वर्ष १९, अंक २२७
❐ १५ असोज २०७८, शुक्रबार
❐ 1 October 2021, Friday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका अनलाइनमा पढ्नका लागि QR कोड स्क्यान गर्नुहोला ।

# आजबाट एमाले महामेला

प्रमुख प्रतिपक्षी दल नेकपा एमालेको आजबाट विधान महाधिवेशन शुरु हुँदैछ । सांगठानिक संरचना र राजनीतिक कार्यदिशा तय गर्न हुन लागेको विधान महाधिवेशनमा ६ हजार हाराहारीमा प्रतिनिधि सहभागी हुँदैछ ।



> समाजवाद उन्मुख राजनीतिक कार्यदिशा तय गर्ने भएकाले विधान महाधिवेशन विशेष महत्व छ । यसले नेपाल र नेपालीको भविष्य पनि निर्धारण गर्नेछन् ।
>
> ■ **रामबहादुर थापा बादल**, नेता, नेकपा एमाले



ललितपुरको गोदावरीमा हुने विधान महाधिवेशन हल । तस्वीरः अनलाइन खबर

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १४ असोज ।

प्रमुख प्रतिपक्षी दल नेकपा एमालेको विधान महाधिवेशन आजबाट शुरु हुँदैछ । नेतृत्व र नीति एउटै हलबाट चयन गर्दै आएको एमालेले यसपटकबाट नीति निर्माण गर्न अलग्गै महाधिवेशन गर्न लागेको हो । विधान महाधिवेशनमा ६ हजार हाराहारीमा प्रतिनिधि सहभागी हुने एमालेले जनाएको छ ।

तत्कालीन नेपाल कम्युनिष्टपार्टी (नेकपा) को विघटन, नेकपा एमालेको विभाजन र पाँच वर्ष जनमत पाएर पनि बीचमै प्रमुख विपक्षमा पुगेको एमालेको विधान महाधिवेशनलाई विशेष चासोका साथ हेरिएको छ । पार्टी विभाजनपछि पहिलोपटक विधान महाधिवेशन हुन लागेको, प्रतिनिधिसभा विघटन गर्ने कदमकै कारण सरकारबाट हट्नुपर्ने र अदालतको फैसलाबाट अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्रीबाट पदमुक्त हुनु विधान महाधिवेशनमा छलफलको विषय बन्नेछ ।

यसपटकको विधान महाधिवेशनमा एमालेका पूर्वप्रमुखहरु भने कोही रहने छैनन् । सीपी मैनालीले २०५४ मै एमाले छोडेका थिए । २ भदौमा नेकपा (एकीकृत समाजवादी) दर्ता भएपछि पूर्व पार्टी प्रमुख एवम् पूर्वप्रधानमन्त्रीहरु झलनाथ खनाल र माधवकुमार नेपाल एमालेबाट अलग भएका छन् । सँगै, एमालेका संस्थापक नेता मुकुन्द न्यौपानेले पनि एमाले छोडेका छन् ।

तर माओवादी छोडेका रामबहादुर थापा बादल, टोपबहादुर रायमाझी, लेखराज भट्ट लगायत एमाले विशेष महाधिवेशनमा सहभागी हुनेछन् । आगामी मंसिर १०-१२ मा दशौं राष्ट्रिय महाधिवेशन गर्नेगरी अगाडि बढेको एमालेका लागि यो विधान महाधिवेशनलाई अर्थपूर्ण रुपमा लिइएको छ ।

किनकि विधान महाधिवेशनले नै दशौं राष्ट्रिय महाधिवेशनको रुपरेखा समेत तय गर्नेछ । विशेषगरी एमाले नेतृत्व कस्तो निर्माण गर्ने भन्ने यो विधान महाधिवेशनले तय गर्नेछ । आगामी पाँच बाँकी पृष्ठ २ मा

# प्रचण्ड अभिव्यक्तिको अन्तर्य

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १४ असोज ।

आन्तरिक कलह व्यवस्थापन हुन नसक्दा तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को एकता कायम रहन सकेन । प्रधानमन्त्रीको हैसियतमा केपी शर्मा ओलीले ५ पुसमा प्रतिनिधिसभा विघटन गर्ने निर्णय गरेपछि नेकपा विभाजित भयो । एउटा समूहको नेतृत्व ओलीले गरे भने अर्को समूहको नेतृत्व पुष्पकमल दाहाल प्रचण्ड र माधवकुमार नेपालले गरे ।

तर २३ फागुनमा सर्वोच्च अदालतले नेकपाकै एकता प्रक्रिया भंग गरिदियो । अदालतले एमाले र माओवादी केन्द्र ब्युताइदियो । अहिले माधव नेपालले नेकपा (एकीकृत समाजवादी) बनाएका छन् भने प्रचण्ड माओवादी केन्द्रका अध्यक्ष छन् । विभाजित एमालेको नेतृत्व ओलीले गरिरहेका छन् ।



> सत्ता साझेदार दल नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले प्रतिनिधिसभा विघटन हुँदा आफूसँग लड्ने वा आत्महत्या गर्ने विकल्प आएको अभिव्यक्ति दिएका छन् ।

प्रचण्ड माओवादी केन्द्रको राष्ट्रिय सम्मेलनको तयारीमा जुटेका छन् । आउने पुसमा राष्ट्रिय सम्मेलन गर्ने तयारी गरिरहेका प्रचण्डले बिहीबार भावनात्मक भाषण गरेका छन् । पार्टी निकट अनेरास्ववियु (क्रान्तिकारी) को २२औं राष्ट्रिय सम्मेलनमा प्रचण्डले ५ पुसको घटना सम्झिएका थिए । प्रचण्डले संसद् विघटन गर्ने निर्णय भइरहँदा आफूसँग लड्ने वा आत्महत्या गर्ने विकल्प रहेको सम्झिए । तर नेताहरुले साथ दिएकाले क्रान्तिकारी तरिकाले लडेर जित निकालेको प्रचण्डको भनाइ थियो ।

उनले भारतीय फिल्मका नायक सम्झँदै आत्महत्याको प्रशंग सुनाएका थिए । "संसद् विघटन हुँदा मेरो सामूह दुई विकल्प थियो । मसँग हजारौ शहीद, घाइतेको ऋण टाउकोमा छ । त्यसैले सुसाइड गर्नुपर्ने वा लड्नुपर्ने ठाउँमा पुगेको सम्झिए", प्रचण्डको भनाइ थियो । बाँकी पृष्ठ २ मा

# वैदेशिक रोजगारमा रहेका कामदारले पनि शेयर बजारमा करोडौं गुमाए

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ असोज

नेपाली शेयर बजार अहिले घट्दो क्रममा रहेको छ । शेयर बजार घट्ने क्रम जारी रहँदा वैदेशिक रोजगारीमा गएका नेपाली कामदारहरूले पनि ठूलो परिमाणमा लगानी गुमाएको देखिएको छ । कोरोना संक्रमणपछि बढेको नेपाली शेयर बजारमा लगानी गरेका कामदारहरू दुई हप्तायता डरलाग्दो गरी शेयर मूल्य घटेपछि चाडवाडको मुखमा पसिनाको कमाइ गुमाउन बाध्य भएका छन् ।

नेपाली शेयर बजार प्रविधिमैत्री भएपछि विश्वभर छरिएका नेपालीले करोडौं लगानी गरेका छन् । नेपाली शेयर बजारमा वैदेशिक रोजगारीमा जापान र दक्षिण कोरिया गएका कामदारको ठूलो हिस्सा प्रवेश गरेको छ । रोजगारीका लागि खाडी र मलेसिया जाने कामदारको तुलनामा आकर्षक कमाइ गर्ने उल्लेखित दुई मुलुक गएका अधिकांश नेपालीले जलविद्युत, विकास बैंक र फाइनान्स कम्पनीका शेयरमा लगानी गरेको र ती क्षेत्रका शेयर मूल्य घट्दा लगानी गुमाउन पुगेको बताइएको छ ।

लगानी गरेका अधिकांशले हालसम्मको बजार घट्ने क्रममा एक बर्षको तलब बराबरको रकमको नोक्सानी व्यहोर्नुपरेको हाल दक्षिण कोरीयामा काम गर्दै आएका बागलुङ बलेवाका एक कामदारले बताए । कतिपयले साथीहरूसँग ऋण सापटी गरेर लगानी गरेका कारण शेयर बजारमा सुधार नआएको अवस्थामा त्यसले नकारात्मक रूप लिन सक्ने पनि उनको भनाइ छ ।

कोरोना संक्रमणपछिको लकडाउनसँगै उकालो लागेको नेपाली शेयर बजारको सूचकांक ३२ सय भन्दा केही माथि पुगेर निरन्तर ओरालो लागिरहेको छ । यस सप्ताहको अन्तिम कारोवार दिन बिहीबार धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक ३२ अंक बढीले घटेको छ ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ३२.५१ अंकले घटेर दुई हजार ६३३.४२ अंकमा झरेको छ । दैनिक २० अर्ब बराबरको कारोवार हुने शेयर बजारमा बिहीबार तीन अर्ब ७० करोड २९ हजार ५ सय ७ रूपैयाँको मात्र कारोवार भयो । यो रकम दुई वर्षयताको सबैभन्दा न्यून बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## कोरोनाविरुद्धको लडाईं जित्दै कतार, प्रतिबन्धहरु हट्दै

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १४ असोज

कोरोना भाइरसविरुद्धको लडाईंमा सफलता पाउँदै गइरहेको कतारले विभिन्न क्षेत्रमा लगाएका प्रतिबन्धहरू क्रमशः हटाउँदै गएको छ । कतार सरकारको मन्त्रिपरिषद्को बैठकले आउँदो आइतबारबाट लागू हुने गरी प्रतिबन्धलाई थप खुकुलो बनाउने निर्णय गरेको छ । यहाँका स्थानीय समाचारमाध्यमका अनुसार सीमित क्षेत्रबाहेक अन्य अवस्थामा मास्क लगाउनु नपर्ने भएको छ ।

सरकारी निर्णयअनुसार मल, भिडभाड हुने स्थान, अस्पताल तथा विभिन्न सभा समारोह बाहेक मास्कको अनिवार्य प्रयोगलाई हटाइएको छ । फुड कोर्ट तथा होटेलहरू पचास प्रतिशत क्षमतामा खोल्न पाइने छ । सरकारी तथा निजी क्षेत्रका सबै कर्मचारीहरू कार्यालयमै गएर काम गर्न सक्नेछन् भने संग्राहलय तथा पुस्तकालय पूर्णरूपमा खुला हुने भएको छ । प्रार्थनाका लागि सबै मस्जिदहरू खुला हुनेछन् भने सामाजिक दुरी कायम गर्नु पर्ने छैन ।

रेल तथा सरकारी सवारी साधन, कम्पनीका बसहरूले ७५ प्रतिशतले यात्रु तथा कामदार बोक्न पाउने छन् भने निजी सवारी साधनमा परिवारबाहेक चालकसहित ४ जना मात्र बाँकी पृष्ठ २ मा




**कर्मचारी आवश्यकता**

यस अल साहिद ओभरसिज प्रा. लि. मुख्य कार्यालय, काठमाडौंको लागि निम्न पदहरुको लागि कर्मचारीको आवश्यकता भएको हुनाले सम्बन्धित क्षेत्रमा अनुभव भएको ईच्छुक व्यक्तिहरुले आफ्नो बायोडाटा र अनुभवका प्रमाणपत्र सहित तुरुन्त सम्पर्क गर्नु होला।

- Office Manager - 1 (Male/Female)
  सम्बन्धित काममा दक्ष हुनुपर्ने छ ।
  तलब ४० देखि ६० हजार सम्म ।
- Office Secretary - 2 (Female)
  सम्बन्धित काममा दक्ष हुनुपर्ने छ ।
  तलब २० देखि ४० हजार सम्म ।
- Documentation Officer - 2 (Male/Female)
  सम्बन्धित काममा दक्ष हुनुपर्ने छ ।
  तलब १५ देखि २५ हजार सम्म ।
- PRO- 5 (Male/Female)
  सम्बन्धित काममा दक्ष हुनुपर्ने छ ।
  तलब आपसी सहमतीमा हुनेछ ।

Interested candidates can send their cv to email: alshahidnepal@gmail.com

**Al Shahid Overseas Pvt. Ltd.**
Banshidhar Marg-04, Chandol, Kathmandu, Nepal
Tel.: 01-4414440, Mobile : 9801146573

**एक प्रतिष्ठित मेनपावर कम्पनीलाई कर्मचारी आवश्यकता**

| S.N. | Position | Quantity | Qualification/Experience |
|---|---|---|---|
| 1. | Public Relation Officer | 4 (M/F) | • +2 Passed • Min 5 Years Experience • Basic Computer Knowledge |
| 2. | Documentation Officer | 2 (M/F) | • +2 Passed • Min 3 Years Experience • Basic Computer Knowledge (Photoshop, Word, Exel) |
| 3. | Office Secretery | 1(Female) | • Bachelors Degree • Should Have Experience In Recruiting Domestic worker for TURKEY • Good Command in English • Computer Knowledge(Word, Exel) |
| 3. | Receptionist | 2(Female) | • +2 Passed • Good Command in English • Computer Knowledge (Photoshop, Word, Exel) |

Salary : Negotiable

*Please send your cvs to job.manpoweragency@gmail.com Only Shortlisted Candidate will be called for final interview.*

# सोलुखुम्बुमा मौसमी रुघाखोकीका बिरामी बढ्दो, सिटामोल पाउनै सकस

**रमन वन/मध्यान्ह**
सोलुखुम्बु, १४ असोज

सोलुखुम्बुमा केहि दिनयता मौसमी रुघाखोकीको बिरामी बढ्न थालेसँगै सिटामोलको माग उच्च भएको छ। जिल्लाको विभिन्न स्थानमा रुघाखोकी तथा भाईरल ज्वरोका बिरामी बढेकाले पालिकाहरुबाट सिटोमोलको माग बढ्न थालेको स्वास्थ्य कार्यालय सोलुखुम्बुले जनाएको छ।

गाउँघरमा बालबालिका देखि वृद्धवृद्धा समेत ज्वरो तथा रुघाखोकीबाट ग्रसित बनेको पालिकाहरुले जनाएको छ। जिल्लाको माप्य



दुधकोशी गाउँपालिकामा ज्वरो तथा रुघाखोकीका विरामी बढेसँगै केहि विद्यालयहरुले पठनपाठन नै बन्द गरेको गाउँपालिका प्रवक्ता तेजबहादुर मगरले जानकारी दिए। गाउँ गाउँमा विद्यालयहरु सञ्चालन भइसकेकाले रुघाखोकी फैलन सक्ने सम्भावना बढेको सर्वसाधरणको भनाइ छ। सोलुदुधकुण्ड नगरपालिकाको सदरमुकाम सल्लेर सिहित गार्मा, बेनी, तामाखानी, लगायतका क्षेत्रमा पनि बालबालिकाहरु रुघाखोकी तथा ज्वरोका कारण बिरामी परेको बताइएको छ।

कोरोनासँग मिल्दोजुल्दो लक्ष्यणका बिरामी बढेसँगै एन्टिजेन परीक्षणको दायरालाई थप फराकिलो पारिएको स्वास्थ्य कार्यालयका कोभिड फोकल पर्सन राम कुमार विश्वकर्माले मध्यान्हलाई जानकारी दिए।

## आजबाट...

वर्षका निम्ति राजनीतिक कार्यदिशा पनि यो महाधिवेशनले नै तय गर्नेछ। २०७१ असारमा एमालेको नवौं महाधिवेशन भएको थियो।

दशौं महाधिवेशनको तयारी अन्तर्गत आजबाट शुरु हुने विधान महाधिवेशनको उद्घाटन एमाले अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले गर्नेछन्। उद्घाटन सत्रलाई पार्टी अध्यक्ष ओली लगायत नेताहरुले सम्बोधन गर्नेछन्। उद्घाटन सत्रपछि महाधिवेशनको बन्दसत्रमा केन्द्रीय कमिटीको तर्फबाट अध्यक्ष ओलीबाट राजनीतिक प्रतिवेदन, महासचिव ईश्वर पोखरेलबाट संगठनात्मक प्रस्ताव र उपमहासचिव विष्णुप्रसाद पौडेलबाट विधान संशोधन प्रस्ताव प्रस्तुत गर्नेछन्।

महाधिवेशनको दोस्रो दिन यही असोज १६ गते समूह छलफल र समूह नेताबाट सुझावको प्रस्तुति गरिनेछ। तेस्रो दिन असोज १७ गते दस्तावेज प्रस्तोताबाट समूह छलफलबाट आएका सुझाव एवं उठेका विषयलाई स्पष्ट पार्दै सारसंक्षेपीकरण गरिनेछ।

विधान महाधिवेशनमा केन्द्रीय कमिटीका नेताहरु, विभागबाट चुनिएका प्रतिनिधि, प्रदेश कमिटीका सबै, जिल्ला कमिटीबाट चुनिएका सबै प्रतिनिधि, पार्टी सदस्य रहेका संघ र प्रदेशका सांसद, पार्टीका तर्फबाट निर्वाचित जिल्ला समन्वय समितिका प्रमुख र उपप्रमुख, पार्टी सदस्य रहेका स्थानीय पालिकाका प्रमुख र उपप्रमुख, जनसंगठन र पेशागत संगठनबाट चुनिएका प्रतिनिधि, भारत लगायत प्रवासबाट चुनिएका प्रतिनिधि र पार्टी केन्द्रबाट विधान बमोजिम मनोनीत सदस्य प्रतिनिधि रहनेछन्।

## प्रचण्ड...

केहीदिन अगाडि प्रचण्डले राजनीतिक जीवनको अन्त्यमा माओ जस्तै एक्लै हुने पीर लाग्ने बताएका थिए। माओ सँग आफूलाई तुलना गर्दै एक्लै हुने त होइन भन्ने पीर हुने लाग्ने गरेको बताएका थिए। पुस्तक विमोचन गर्न आयोजित एक कार्यक्रममा प्रचण्डले भावनात्मक भाषण गरेका थिए।

कहिले आक्रोशित र कहिले भावनात्मक भाषण प्रचण्डको पुरानै शैली हो। तर एक्लै हुने, आत्महत्याकै मनोविज्ञानमा पुगेको जस्ता अभिव्यक्ति फेरि सुनिन थालेको छ। प्रचण्डलाई नजिकबाट चिन्नेहरु भने यस्ता अभिव्यक्तिलाई स्वभाविक र नेतृत्व टिकिरहने अस्त्रका रुपमा बुझ्छन्। "नेताहरुलाई मिलाएर पार्टी चलाउन वा कसैको मन जित्नु छ भने कार्यक्रममै रुन पनि प्रचण्ड पछि पर्दैनन्। सायद, अहिले पनि त्यस्तै उद्देश्यको पुनरावृत्ति भएको हुनुपर्छ", एक नेता भन्छन्।

## वैदेशिक...

भएको बताइएको छ। दशैं अगाडि बजार नबढ्ने धेरैको एकमत छ। तर बजारजति तिव्रताका साथ घट्यो त्यति नै तिव्रताका साथ बढ्ने भन्दै शेयर बजार विज्ञ डा.केशव श्रेष्ठ बजार घटेपनि आफूसँग भएका स्टकहरु सुरक्षित राख्न सके बजारले रिटर्न दिने बताउँछन्।

## कोरोनाविरुद्धको...

चढ्न पाइनेछ। सार्वजनिक स्थलहरू क्रोनेच, विच तथा पार्कहरूमा कोरोनाविरुद्धका दुबै डोज लगाएकाहरू ३० जनासम्म भेला हुन पाइने निर्णयमा उल्लेख गरिएको छ। यस्तै तारे होटेलका हलहरूमा ५० प्रतिशत क्षमतामा मानिस जम्मा हुन पाइने छ। ७५ प्रतिशत क्षमतामा ड्राइभिङ स्कुलहरू खोल्न पाइने छ।

कतारमा पछिल्लो समय कोरोना संक्रमितको संख्यामा कमी आएको छ भने खोप लगाउनेहरूको संख्या ८० प्रतिशतभन्दा माथि रहेको छ। कतारमा हालसम्म २३ लाख ६ हजार ५ सय ५८ जनामा कोरोना पोजेटिभ देखिएको छ भने २३ लाख ४ हजार ६७१ जनाले कोरोनालाई जितेका छन्। कोरोनाका कारण कतारमा कुल ६ सय ५ जनाको मृत्यु भएको छ भने १२ सय ८२ जनाको उपचार जारी रहेको छ।

# रोकिएन मानव बेचबिखन

**काठमाडौं/रासस–** रुपन्देहीको सीमानाकाबाट मानव बेचबिखनका घटना हुने गरेका छन्। मानव तस्करले नेपाली महिला तथा बालबालिकालाई विभिन्न बहानामा भारत तथा तेस्रो मुलुक पुर्याइ बिक्री गर्ने गरेको माइती नेपालको तथ्यांकले देखाएको छ। माइती नेपालको रुपन्देही शाखाले मानव बेचबिखनका घटना नरोकिएको जनाएको छ। चालु आर्थिक वर्ष २०७८/०७९ का दुई महिना साउन र भदौमा मात्र ५६ महिला तथा बालबालिकालाई सीमाक्षेत्र बेलहियाबाट मानव तस्करले भारततर्फ लैजाँदै गर्दा उद्धार गरिएको छ। गत तीन आवको तथ्यांक हेर्दा मानव बेचबिखन नरोकिएको देखिएको छ। आव २०७५/०७६ मा २५३ जनालाई भारत लैजाँदै गरेको अवस्थामा नेपाल-भारत सीमा क्षेत्र बेलहियाबाट उद्धार गरिएको हो। पचास जनालाई भारतका विभिन्न सहरबाट उद्धार गरी नेपाल ल्याएको माइती नेपाल रुपन्देही शाखाले जानकारी दिएको छ। आव २०७६/०७७ मा २४२ लाई भारत लैजाँदै गरेको अवस्थामा नेपाल-भारत सीमा क्षेत्र बेलहियाबाट उद्धार गरिएको छ। चौध जनालाई भारतका विभिन्न सहरबाट उद्धार गरी नेपाल ल्याइएको हो। आव २०७७/०७८ मा १५१ लाई भारत लैजाँदै गरेको अवस्थामा नेपाल-भारत सीमा क्षेत्रबाट उद्धार गरिएको छ। आठ जनालाई भारतका विभिन्न सहरबाट उद्धार गरी नेपाल ल्याएको माइती नेपाल शाखा प्रमुख माया क्षेत्रीले जानकारी दिइन्।

नेपालबाट यसरी तस्करी गरी महिलालाई भारतीय कोठी र खाडी मुलुकमा पठाउने काम मानव तस्करले गर्ने गरेका छन् भने बालबालिकालाई विभिन्न सर्कसमा प्रयोग गर्ने गरेको पाइन्छ।

# काठमाडौंमा सभा जुलुस जात्रा, महोत्सव गर्न रोक

**काठमाडौं/मस–** काठमाडौं जिल्लामा बिहीबार राति १२ बजेदेखि लागू हुने गरी अनावश्यक रुपमा भिडभाड, मेला र महोत्सव गर्न रोक लगाइएको छ।

काठमाडौंका प्रमुख जिल्ला अधिकारी गोबिन्द प्रसाद रिजालद्वारा जारी आदेश जारी गर्दै घर बाहिर मानिसहरु जम्मा हुन नपाउने, भिडभाड गर्न नपाउने, सभा जुलुस गर्न नपाउने, जात्रा महोत्सव र भोज आदि गर्न नपाउने भनिएको छ।

कोभिड-१९ संक्रमण कायम रहेको बताउँदै प्रशासन कार्यालयले अर्को आदेश जारी नहुँदासम्मका लागि यस्तो व्यवस्था लागू गरिएको जनाएको छ।

संक्रमणको जोखिमलाई मध्यनजर गर्दै नजिकिँदै गरेका चाडपर्वहरु पनि सांकेतिक रुपमा मात्रै मनाउन आदेशमा भनिएको छ।

बैठक, गोष्ठी, सेमिनारहरु भर्चुअल माध्यमबाट गर्नुपर्ने र गर्नैपर्ने भएमा स्वास्थ्य मापदण्ड अनिवार्यरुपमा पालना गराउनुपर्ने भनिएको छ। होटल पार्टी प्यालेसमा बढीभन्दा बढी मानिसलाई सहभागी गराउनुपरे एन्टीजेन, पीसीआर परीक्षणको व्यवस्था मिलाउन भनिएको छ।

वित्तीय संस्थालाई अनलाइनबाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाउन समेत प्रशासनले आदेश दिएको छ। उद्योग कलकारखाना, होटल, रेष्टुरेन्ट, सिनेमा, हल, व्यायमस्थल लगायतलाई कोभिड मापदण्ड पालना गर्दै संचालन गर्न समेत आदेश दिइएको छ। प्रशासनले आधिकारिक टिकट काउन्टरबाट मात्र टिकट



खरिद गर्न आग्रह गरेको छ। सार्वजनिक यातायातमा स्वीकृत क्षमताभन्दा बढी यात्रु चढाउन नपाइने आदेश पनि भएको छ।

यसैबीच देशभर बिहीबार एक हजार ७८ जनामा कोरोना संक्रमण पुष्टि भएको छ। सो अवधिमा ११ हजार ७६५ जनाको कोरोना परीक्षण गरिएको थियो।

हाल देशभर सक्रिय संक्रमितको संख्या १८ हजार १६८ रहेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ। नेपालमा कोरोना संक्रमण दर १८.९ प्रतिशत छ। पाँच सयभन्दा बढी संक्रमित भएका जिल्ला नौ र २०० भन्दा बढी संक्रमित भएका जिल्ला १९ रहेका छन्। बिहीबार ९११ जना कोरोनाबाट मुक्त भएका छन्। योसँगै कोरोनाबाट मुक्त हुनेको संख्या सात लाख ६५ हजार ७५८ पुगेको छ। नेपालमा कोरोनाबाट निको हुने दर ९६.३ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

यस्तै कोरोनाबाट पछिल्लो २४ घण्टामा १२ जनाको ज्यान गएको छ। अहिलेसम्म संक्रमणबाट ११ हजार १३५ जनाको निधन भइसकेको छ। हाल देशभर ३५३ संक्रमित सघन उपचार कक्ष (आइसीयु)मा, ११७ भेन्टिलेटरमा, १६ हजार ८०२ होम आइसोलेसनमा, एक हजार ३६६ संस्थागत आइसोलेसनमा तथा २३८ संक्रमित क्वारेन्टिनमा छन्। बिहीबार दुई लाख ८९ हजार ३८१ जनाले कोभिड-१९ विरुद्धको खोप लगाएका छन्। अहिलेसम्म ७४ लाख ५६ हजार ३८४ जनाले कोरोनाविरुद्धको खोपको पहिलो मात्रा तथा ६२ लाख ८५ हजार ७४० जनाले पूर्ण मात्रा लगाएका मन्त्रालयले जनाएको छ।

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभागको**
**सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार सम्बन्धी अभिमूखिकरण तालिम व्यवसाय संचालन गर्न इजाजत प्राप्त श्री **जेन्यून ओरेन्टेशन ट्रेनिङ्ग एण्ड रिसर्च सेन्टर प्रा.लि. (ई.प.नं. १२४)** ले आफ्नो कार्यालयको साविक ठेगाना **काठमाडौं जिल्ला का.म.न.पा वडा नं. २ गैरीधारा** बाट परिवर्तन गरी **काठमाडौं जिल्ला का.म.न.पा वडा नं. ९, सिनामङ्गल** कायम गर्ने गरि ठेगाना परिवर्तन गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागमा दावी विरोध गर्न आउनुहोला। अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

## बागमती गाउँपालिका
### गाउँकार्यपालिकाको कार्यालय
**भट्टेडाँडा, ललितपुर**
**बागमती प्रदेश, नेपाल।**

**सेवा करारमा पदपूर्ति सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति :२०७८/०६/१५**

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रम यस गाउँपालिकामा सञ्चालनमा रहेको र रोजगार सेवा केन्द्रको लागि रिक्त रहेका तपसिल अनुसारका पदहरु सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले न्यूनतम योग्यता पुगेका नेपाली नागरिकताबाट प्रतिस्पर्धाको आधारमा पदपूर्ति गर्नु पर्ने भएकोले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र तोकिएको ढाँचामा फाराम भरी माग बमोजिमको विवरण र राजश्व तिरेको रसिदसहित यस गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिन यो दरखास्त आह्वान गरिएको छ। आवश्यक योग्यता, अनुभव, दरखास्त दिने अन्तिम मिति, आवेदन दस्तुर, छनोटको किसिम, आवेदनसाथ संलग्न राख्नु पर्ने कागजातहरु, सेवा, सुविधा र पदले गर्नुपर्ने कार्य विवरण विषयको विस्तृत जानकारी यस गाउँपालिकाको वेभसाइट www.bagmatimunlalitpur.gov.np बाट प्राप्त गर्न सकिनेछ। साथै प्रधानमन्त्री रोजगार संयोजकको रोजगार संयोजकको पदपूर्ति सेवा सुविधा सम्बन्धी मापदण्ड २०७६ र प्राविधिक सहायकको युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि २०७६ को दफा १३ को उपदफा ६,७,८,९,१० र ११ को प्रक्रिया अनुसार पदपूर्ति गरिनेछ। आवेदनको ढाँचा र प्रधानमन्त्री रोजगार संयोजक र प्राविधिक सहायक पदको कार्य विवरण लगायतका अन्य जानकारी www.pmep.gov.np मा उपलब्ध छ।

**तपसिल**

| क. सं. | विज्ञापन नं. | पद | तह | मग संख्या |
|---|---|---|---|---|
| १ | ०१/०१/२०७८/७९ | प्रधानमन्त्री रोजगार संयोजक | स्थानीय तहको ६ औं सरह | १ |
| २ | ०१/०२/२०७८/७९ | प्राविधिक सहायक | स्थानीय तहको ५ औं सरह | १ |

**प्रमुख प्रशासकीय अधिकृत**

## केराबारी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
**केराबारी मोरङ**
**प्रदेश नं. १, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मिति: २०७८/०६/१५)**

प्रस्तुत विषयमा यस कार्यालयको तपशिल मितिमा प्रकाशित सूचना अनुसार तपशिल बमोजिमका कार्यहरुको लागि इजिपि सिस्टम मार्फत दर्ता हुन आएका सिलबन्दि बोलपत्रहरु मुल्याङ्कन गर्दा तपसिल बमोजिमको बोलपत्रहरु "न्युनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही" भएकाले सार्वजनिक खरिद ऐन २०६३ (संसोधन सहित) को दफा २७ को उपदफा १ बमोजिम छनौट गरिएकाले सोही ऐनको उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो आसयको सूचना प्रकाशित गरिएको छ।

**तपसिल :**

| क्र.स. | सुचना प्रकाशित | ठेक्का नं./कामको विवरण | बोलपत्र छनौट गरिएको फर्मको नाम र ठेगाना | कबोल अंक (भ्याट र पिएस सहित) |
|---|---|---|---|---|
| १. | २०७८।०५।०१ | Construction of Stadium Parapet (package-IV) Kerabari RM Ward-8 KRMC/MOR/W/NCB-01(078/79) | श्री पाथिभारा कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ प्रा.लि. मोरङ | २२,८७,५९७.५६ |
| २. | २०७८।०५।१३ | Bazar Area Drain Construction (North-South) Kerabari RM-8 &10 KRMC/MOR/W/NCB-02(078/079) | श्री एल एण्ड एम कन्स्ट्रक्सन सुनसरी | ९३,११,१५४.०५ |

**प्रमुख प्रशासकिय अधिकृत**


## साउदीमा रोजगार | कम्पनी : TALAL INTERNATIONAL TRADING FACTORY CO. शहर: MAKKAH

पूर्व स्वीकृत मिति: २०७८/०६/१३ | चलानी नं.: ६०१६४३५८ | L.T. No.: 247088

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३७,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Carpenter Helper | 4 | 0 | | 1000 | ३१,५५० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज २२ गते (8 October 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बदी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

श्रम इजाजत नं. १३२४/०७४/०७५
**STARIS HR SERVICES PVT. LTD.**
(TRANS ASIA INTERNATIONAL PVT LTD)
Samakhusi-26, Kathmandu, Tel.: 01-4365203, 4381145, Mob. 9841669779

## कतारमा रोजगार | कम्पनी : SHAFI MOHD AND BROTHERS CO TRANSPORT AND HEAVY EQUIPMENT शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७८/०६/१४ | चलानी नं.: ६०१६४५०३ | LT. No.: 246850

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Vehicle Driver | 7 | 0 | सम्बन्धित काममा दक्ष | 1900 | ६१,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labourer | 1 | 0 | | 1000 | ३२,५०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज २२ गते (08 October 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउन होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

श्रम ईजाजत पत्र नं. ५१८/०६१/०६२
**Growth Process International Employment Pvt. Ltd.**
P.O.Box No.: 12839, Basundhara-3, Kathmandu, Nepal, Phone No.: 4383347, Fax: 4383347
Mob.: 9849476159, 9851146986, 9808932656, 9823862551,9851095260
Email : growth_processintl@yahoo.com, Web. : www.growthprocessintl.com

## कतारमा रोजगारको अवसर | कम्पनी: MY FOOD शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७८/०६/१४ | चलानी नं.: ६०१६४५०१ | LT. No.: 247208

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour Services | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३५,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Gen Clean Worker | 1 | 0 | | 1100 | ३५,७५० | | | | | | | |
| 3. | Cooker | 2 | 0 | | 1500 | ४८,७५० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज ८ गते (24 September 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

Gov. Lic. No.: 1405/074/075
**Chandra Kamana Manpower Pvt. Ltd.**
Ratopul, Gaushala, Kathmandu, Nepal, Tel : 01--4442876, 4438339, 9813013135
Email: chandrakamna05@gmail.com, Web.: www.chandrakamanamanpower.com

# चाडपर्व नजिकिँदै गर्दा चोरी लुटपाटका घटना बढ्दो

**दिपेन्द्र श्रेष्ठ, मध्यान्ह**
काठमाडौं, १४ असोज

'दाइ एक कल फोन गरौं न' भनेर कुनै अपरिचित व्यक्तिले तपाईको मोवाइल फोन मागेर फोन गर्ने बहानामा फोनै लुटेर जानसक्छ। होसियार रहनुस् !

गोंगबु बसपार्क एरियामा दिन दहाडै यस्तै घटना भइरहेका रोजन रोक्का (नाम परिवर्तित) ले बताए। उनको बसपार्क छेवैमा मोबाइल पसल छ। उनले यस्तो घटनाहरु धेरै देख्छन्। तर चाहेर पनि केहि गर्न नसकिने बताउँछन्। फोन गरिरहेका बटुवाहरुको फोन पनि लुटेर लाने क्रम बढेपछि आफैं पनि असुरक्षित महसुस गरेका उनले प्रहरीमा उजुर गर्न सकेका छैनन्।



यस्ता घटनाका साक्षी रोजन एक्लै छैनन्। अरु छिमेकी व्यापारीहरु पनि छन्। प्रतिकार गर्नजाने सम्भावना पनि नरहेको उनी बताउँछन्। अर्का व्यापारी हिमेस लामा( नाम परिवर्तित)का अनुसार दिनहुँ लुटपाट बढिरहेकोले उनीहरुपनि सुरक्षित हुन नसकेको बताउँछन्।

यस्तो लुटपाटमा संलग्न ५/७ देखि १२/१३ जना सम्मको हुल हुनेगरेको बताउँछन् लुटपाटमा संलग्न युवाहरु गाँजा, चरेस जस्ता लागूऔषध प्रयोगकर्ता भएकाले अबेरसम्म व्यवसाय गर्न पनि डर हुनेगरेको उनीहरु बताउँछन्। नजिकै प्रहरी बिट छ, तर यी र यस्ता लुटेराहरुलाई प्रहरीले समाते जसरी एक दुई वटा रिचार्जको भरमा उनीहरुलाई घुमुवा प्रहरीले सजिलै छाडिदिने गरेको व्यापारीहरु गुनासो गर्छन्।

केहि दिन अघि एकजना बुढा बाको सोहि ठाउँबाट मोबाइल लुटेको अवस्थामा बालाजु प्रहरीको गस्तीले रंगेहात पक्रेर लुटेरालाई बालाजु लगेको देखि त्यस्ता घटना केहि न्यून रहेको रोजन रोक्का बताउँछन्।

चाडपर्व नजिकिँदै गर्दा हाम्रो समाजमा चोरी, डकैती, लुटपाट जस्ता घटनाहरु दिनहुँ बढिरहेको पाइन्छ।

चाडपर्वको समयमा यस्ता घटनाहरु नियन्त्रणको लागी नेपाल प्रहरीले ठाउँठाउँमा सुरक्षाको निम्ति सीसी क्यामेरा र सुरक्षाको निम्ती प्रहरी गस्तीको व्यवस्था गरिदियो भने पक्कै पनि यस्ता घटनाहरु नियन्त्रण गर्न सहज हुन्छ। नेपाल प्रहरीको यसतर्फ ध्यानजान जरुरी छ।

**दशैं कारोवार**

# नेपाली बजार सुनसान जोगवनीमा घुइँचो

**तेजबहादुर बन/मध्यान्ह**
इटहरी, १४ असोज

हिन्दु नेपालीहरूको महान पर्व वडा दशैं तथा दिपावली नजिकिएसँगै नेपाली बजारहरूमा दशैं किनमेल एवम् कारोवार न्यून देखिएको छ। दशैंको मुखैमा खाद्यान्न लगायत उपभोग्य बस्तुको मुल्य दोब्बर वृद्धि भएपछि नेपाली बजारमा कारोबार गर्ने उपभोक्ताहरू संख्या दैनिक घट्दै गएको पाइएको छ।

दशैंले आँगन टेक्न शुरू गरिरहँदा छिमेकी राष्ट्र भारतको जोगवनीमा भने व्यापारिहरू मालामाल बनेका छन्। कोरोनाको दोस्रो भेरियन्टसहितको कोरोना संक्रमणका कारण लामो समयदेखि ठप्प बनेको जोगवनी नाका गएको १५ दिन यता खुल्ला भएसँगै किनमेल गर्ने नेपाली उपभोक्ताहरूको घुइँचो लागेको हो।

नाका खुले लगत्तै सुनसरी, मोरङ, झापा, धनकुटाबाट खाद्यान्न लगायत लत्ता कपडा किन्ने उपभोक्ताहरूको घुइँचो लाग्ने गरेको पाइएको छ। जोगवनी मात्र नभइ सुनसरी र मोरङसँग जोडिएका भारतीय नाका हुँदै त्यहाँका बजार छिर्ने नेपाली उपभोक्ताहरूको लर्को लाग्ने गरेको पाइएको छ।

वडा दशैंकै बेला सुनसरीको धरान, इटहरी, इनरूवा जस्ता विकशित शहरहरूमा खाद्यान्न, लत्ता कपडा र उपभोग्य सामग्रीहरूको मुल्य दोब्बर बढेपछि अहिले सस्तो सामानको खोजीमा भारतको जोगवनीसम्म पुगेर



खरिद गर्ने नेपाली उपभोक्ताहरूको घुइँचो लागेको हो।

विगतको वर्षहरूमा दशैंको बेला लत्ता कपडा किन्ने उपभोक्ताहरूको घुइँचो लाग्ने धरान, इटहरी, इनरूवा लगायतका बजार हरूमा अहिले सुक्खाराम लागेपछि नेपाली व्यवसायीहरू निराश बनेका छन्। लामो समय कोरोनाको त्रासले ठप्प बनेको नेपाली बजार दशैंको समयमा आश लाग्दो कारोबार हुने गरेको थियो।

कोरोनाको त्रास कम भएसँगै बजारहरू खुलेपनि आश लाग्दो कारोबार भने नभएको इटहरीका व्यवसायीहरूको भनाइ छ। इटहरी हङकङ मार्केटका कपडा व्यवसायीहरू यो वर्ष दशैं लागेको या नलागेको केहि फरक नपरेको बताउँछन्। विगतको वर्ष मात्रै राम्रो आम्दानी भएको कपडाबाट यो वर्ष कारोवार भएको तर आश गरेजति नभएको फेन्सी पसलका पिताम्बर श्रेष्ठ बताउँछन्।

त्यस्तै नेपाली बजारमा आवश्यकिय खाद्यान्नको मुल्य दशैंकै बेला आकासिएपछि सस्तो खोज्दै भारतीय बजार जोगवनी पुग्ने नेपाली उपभोक्ताहरूको घुइँचो लाग्ने गरेको छ। नेपाली बजारमा चिनिको मूल्य पसलै पिच्छे प्रति किलो ७० देखि ८५ रूपैयाँसम्म कायम छ तर सोहि चिनीको मुल्य जोगवनीमा ५८ रूपैयाँ कायम गरिएको छ। सबै सामानहरूमा विशेष छुट र दशैं अफर राखेपछि नेपालीहरू आफ्नै भुमिमा सञ्चालन भएका बजार छाडेर भारतिय बजार प्रवेश गर्ने गरेका हुन्।

नेपाली बजारमा सामान छोइ नसक्ने गरी भाउ बढेकोले खाद्यान्न र दशैंको लुगा किन्न जोगवनी आउनुपरेको इटहरीकि सुनिता श्रेष्ठ बताउँछिन्। त्यस्तै इटहरी २० तरहराकी हेमा निरौला चिनी किन्नकै लागि भएपनि आफु जोगवनी बजार आएको बताउँछिन्। तरहरामा प्रतिकिलो चिनिको मूल्य रू ८० रूपैयाँ छ भने जोगवनीमा प्रतिकिलो ५८ रूपैयाँले कारोबार हुने गरेको बताउँछिन्।

समयको बचतसँगै पैसा पनि जोगिने भएकाले धेरै जसो उपभोक्ताहरू दशैं लगायत अन्य समयमा भारतको बजारहरू घुम्ने र किनमेल गर्न आउने गरेका छन्। त्यस्तै किनमेल गर्न पुगेका उपभोक्ताहरूलाई सिमामा कुनै अवरोध नहुँदा जोगवनी लगायत सिमा क्षेत्रका भारतीय बजारहरू अहिले मालामाल बन्ने गरेका छन्।

यस विषयमा मोरङका प्रमुख जिल्ला अधिकारी काशिराज दाहालले जोगवनी नाका खुलाइएपनि सवारी साधनहरूको लागि भने बन्द नै रहेको बताए। उनले नाकामा देखिएको भिडलाई नियन्त्रण गर्न चाडै नै उपयुक्त योजना बन्ने बताए। नाका नियमित चेकजाँच र कोभिडको जोखिमलाई मध्यनजर गर्दै स्वास्थ्य सतर्कता अपनाउन अनिवार्य मास्क प्रयोग गर्न लगाइएको पनि बताए।

# नेपाल-भारत सिमाना अवरोध प्रति रौतहटवासीको असन्तुष्टि



**इस्तयाक अहमद / मध्यान्ह**
रौतहट, १४ असोज।

नेपाल-भारत सिमानामा भएको नाका अवरोध प्रति रौतहटको सदरमुकाम गौरमा स्थानीय व्यक्तिहरुले असन्तुष्टि व्यक्त गरेका छन्। नेपाल सरकार मन्त्रिपरिषदको बैठकबाट पटक पटक सीमा खुलेको भनिए पनि स्थानीय स्तरमा सिमानामा देखिएको समस्या कायमै रहेको भन्दै स्थानीयहरुले असन्तुष्टि जनाएका हुन्।

राजनीतिक दलका स्थानीय प्रतिनिधि तथा नागरिक समाजका व्यक्तिहरुले प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाउँदै समस्याको तत्काल समाधान खोज्न माग गरेका छन्।

नागरिक समाज रौतहटका अध्यक्ष जगन्नाथ केशरीको नेतृत्वमा स्थानीय राजनीतिक दलका प्रतिनिधिहरुले ज्ञापन पत्र बुझाएका हुन्।

सरकारले सीमा नाकामा आवागमनलाई सहज बनाउने भन्दै ल्याएको ८ पन्ने गाइडलाइनले सदियौं देखिको बेटी रोटीको सम्बन्धमा आघात पुग्ने देखिएको स्थानीयहरु बताउँछन्।

'हामीले तत्काल आवागमन सहज बनाउनु पर्ने भनेका छौं', जसपाका नेता रेवन्त झाले मध्यान्हसंग भने, 'कोभिड पछि जनजीवन सामान्य बन्दै गएको अवस्थामा सिमानामा थप जटिलता ल्याउने प्रयास भएको छ, त्यस्ले कोभिडको आडमा राज्य मधेश प्रति असहिष्णु बनेको छ।'

अहिले सरकारले जारि गरेको गाइडलाइन अनुसार भारतीय नागरिकलाई नेपाल आउँदा अनलाइन फर्म भर्नु पर्ने व्यवस्था गरेको छ। सो व्यवस्थाले दुबै देशका नागरिकबीचको सदियौं पुरानो सम्बन्धमा आँच आउने भन्दै सो प्रावधानको विरोध भएको हो।

ज्ञापन पत्र बुझाउने क्रममा जसपा नेता रेवन्त झा, लोसपा नेता अनिल सिंह, नेपाली कांग्रेसका स्थानीय प्रतिनिधिलगायतको उपस्थिति रहेको थियो।

**कांग्रेस १४ औं महाधिवेशन**

# पाल्पाको एक पालिका सभापतिमा महिला निर्वाचित

**सुशीला रेग्मी/मध्यान्ह**
पाल्पा, १४ असोज



नेपाली कांग्रेसको १४ औं महाधिवेशनमा पाल्पामा एक पालिकामा महिला नेतृत्व आएसँगै पार्टीभित्र र बाहिर निकै चर्चा चलेको छ। जिल्लाको पूर्वखोला गाउँपालिकाको सभापतिमा विष्णुकुमारी आचार्यको नेतृत्वले महिलामा उत्साह थपिएको छ।

यहाँको दश पालिकामध्ये नौ पालिकामा नर्वाचन सम्पन्न भई नयाँ नेतृत्व आएको छ। नौ पालिकामध्ये आठ पालिकाको सभापतिमा पुरुष निर्वाचित छन्।

गत असोज ९ गते भएको पालिका अधिवेशनले सर्वसम्मत रुपमा आचार्यले सभापतिको नेतृत्व गर्ने अवसर पाएकी छन्।

सभापतिमा पुरुष उम्मेदवार पनि आकाङ्क्षी नभएका भने होइनन्। तर यहाँका नेतृत्व पङ्क्तिले यस पटक महिलालाई सम्मान गर्दै गाउँपालिकामा सभापतिको जिम्मेवारी सुम्पेका छन्।

उनको नेतृत्वले अहिले गाउँघर तथा जिल्ला तहमा व्यापक चर्चा छ। परिवारको साथ सहयोग र पार्टीका नेता कार्यकर्ता सबैको सर्वसहमतीमा पाएको जिम्मेवारीलाई पुरा गर्ने उनको अठोट छ।

उनी भन्छिन्, 'महिलालाई पार्टीमा चलायमान बनाउने र भोलीका दिनमा वडा तह देखि माथिल्लो निकाय सम्म नेतृत्व गर्न सक्ने गरी महिलालाई सशक्त बनाउनेछु, गाउँ गाउँका महिलाको समस्यालाई बुझेर पार्टीमार्फत उनीहरुका हक अधिकारका निम्ति सदैव लड्नेछु।'

यसभन्दा अघि पेशाले उनी प्रावि तहको स्थायी शिक्षक। शिक्षण कार्यबाट अवकाश लिई लोकतान्त्रिक पार्टीको सिद्धान्त र नीतिमा रहेर उनमा वडा तह देखि नै पार्टीमा काम गर्दै आउएको अनुभव छ।

'शिक्षण पेशाको क्रममा बुद्ध माविमा कालिका प्राविबाट दरबन्दी सहित सरुवा भएर जाँदा छ महिना मलाई मेरो परिवार नेपाली कांग्रेसमा आस्थावान् भएकै कारण हाजिरी गर्न दिइएन, हाजिरी बिना तीन महिना नियमित विद्यालय गएर पढाए, त्यसपछि प्रअले कक्षामा पढाउन नजानु भनेर निर्देशन दिएपछि म घरमै बसे, केही समय पछि पुनः सरस्वति मावि जल्पा सरुवा भई शिक्षण गर्न थाले'उनले हिजोको दिन सम्झदै भनिन्।

शिक्षण पेशाका क्रममा घरपरिवार, आफन्त नेपाली कांग्रेस पार्टी संग जोडिएकाले धेरै चुनौती सामना गर्नुपऱ्यो। करिव २३ वर्ष सम्म शिक्षण पेशामा अनुभव लिएकी उनी अवकाश प्राप्त भए पश्चात खुलेर नेपाली कांग्रेसमा राजनीति गर्न थालिन्।

यसभन्दा अघि पूर्वखोला गाउँपालिका वडा नं ३ को कार्यवाहक सभापति भएर काम गरेकी उनी हाल ट्रेड युनियन कांग्रेस पूर्वखोलाको उपसभापति हुन्।

**पाल्पामा ८१ वडामा एक महिला सभापति**

पाल्पाको ८१ वडामध्ये एक वडामा मात्र सभापति पदमा महिला नेतृत्वले स्थान पाएको छ। बगनासकाली गाउँपालिका वडा नं २ मा गत भदौ २१ गते भएको वडा अधिवेशनमा सीताकुमारी गहिरेले वडा सभापतिमा नेतृत्व हात पार्न सफल भएकी छन्। निर्वाचन प्रक्रियामार्फत गहिरेले प्रतिष्पर्धी राजेन्द्र रानालाई पराजित गरी आफू विजयी भएकी हुन्। यस वडामा १५१ क्रियाशिल सदस्यमध्ये ८१ मत खसेकोमा निर्वाचित गहिरेले ४० मत र प्रतिष्पर्धी रानाले ३९ मत पाएका थिए भने दुई मत बदर भएको छ।

सबैको सर्वसहमतीमा यस पटक महिलालाई नेतृत्व गर्ने अवसर माग गर्दा नेतृत्व पङ्क्तिले सुनुवाई नगरेपछि चुनावी मैदानबाट विजयी हुने मौका आफूले पाएको सभापति गहिरे बताउँछिन्।

उनी भन्छिन्, 'पार्टीभित्र सक्षम, शिक्षित र नेतृत्व गर्न सक्ने महिला छन् तर अझैपनि पुरानो सोचाईका कारण महिलालाई नेतृत्वबाट वञ्चित गराइएको छ, १३ औं महाधिवेशनमा पनि मैले वडा सभापतिमा माग गरेको थिए तर महिला भएकै कारण पछाडी पारियो' उनले भनिन्, 'यस पटक त सर्वसहमतीमा भए हुन्छ नभए चुनावी प्रक्रियामार्फत सभापतिको नेतृत्व गर्नु भनेर आँट गरेको सफल भए।'

विसं २०४१/०४२ देखि नै नेपाली कांग्रेसमा सक्रिय भएर लागेकी उनी स्थानीय तहको निर्वाचनमा कांग्रेसबाट प्रतिनिधित्व गर्दै वडा महिला सदस्य, नेपाली कांग्रेसको क्षेत्रीय प्रतिनिधि, नेपाल महिला संघ वडाको सभापति हुन्। लामो समय सम्म पार्टीको सिद्धान्त र अनुशासनमा रही काम गरेतापनि महिला नाम जोडिएकै कारण नेतृत्व तहसम्म पुग्न नदिएको रामपुरकी महिला नेतृ सरस्वती डोटेल बताउँछिन्। उनी यस क्षेत्रकै ज्येष्ठ महिला नेतृ हुन्।

गत असोज ९ मा भएको नगर अधिवेशनमा उनी तीन पुरुष उम्मेदवारसँग नगर उपसभापतिमा लडिन्। तर पार्टीमा आफ्नो लगाव, त्याग, बलिदान र निरन्तर सक्रियता भएपनि महिला भएकै कारण उपसभापतिबाट पराजित हुनु परेको उनी गुनासो गर्छिन्।

'महिलामा क्षमता र खुबी भएपनि नेतृत्व गर्ने अवसर दिइदैन, तीन पुरुष संग साहसका साथ भिड्ने म एकमात्र महिला थिए, मलाई उम्मेदवारी दर्ता गर्नुअघि नेतृत्व पङ्क्तिले छोड्नुस भनेर दबाब दिन थाल्नुभयो, चुनाव हारिए केही पिरलो छैन, उम्मेदवारी फिर्ता लिन्न भनेर अठोटका साथ मैदानमा निस्किए' उनले भनिन्। पार्टी नेतृत्वमा वडा तहदेखि केन्द्र तहसम्म नै महिलालाई स्थान दिन हिचकिचाउने प्रवृत्ति छ। राज्यले तोकेको आरक्षण कोटा बाहेक अन्य कोटामा सक्षम र सबल भएपनि महिलालाई नेतृत्व तहमा भरसक स्थान दिइदैन।

यस्तो अवस्थामा पाल्पामा नेपाली कांग्रेसको १४ औं महाधिवेशनमा एक पालिका र एक वडामा भएपनि दुई महिलाले नेतृत्व गर्ने अवसर पाएपछि महिला जागरुकता बढेको छ।

रामपुर नगरपालिकामा नेत्रप्रसाद भट्टराई, रिब्दिकोट गाउँपालिकामा रामचन्द्र पाण्डेय, बगनासकालीमा थानेश्वर तिमिल्सेना, निस्दीमा पुर्णबहादुर खाँण, पूर्वखोलामा विष्णुकुमारी आचार्य, रम्भामा ऋषिराम अर्याल, माथागढीमा दिपक थापा, तिनाउँमा प्रेम पाण्डे र रैनादेवी छहरा गाउँपालिकामा बिष्णु पोखरेल सभापति पदमा चुनिएका छन्।

रामपुर नगरपालिका र रिब्दीकोट गाउँपालिकामा मतदान प्रक्रिया र अन्य पालिकामा भने सर्वसहमतबाट नयाँ नेतृत्व चयन भएको हो।

# नवलपरासीबाट ४ लाख बढीको कपडा बरामद

**सहबान अन्सारी /मध्यान्ह**
नवलपरासी, १४ असोज



भारतबाट अबैधरुपमा नेपाल भित्र्याउँदै गरेको ४ लाख बढीको अवैध कपडा बरामद गरिएको छ।

नेपाल भारतसिमा नवलपरासीको बर्दघाट नगरपालिका वडा नम्बर १ माकरबाट सशस्त्र प्रहरीले ४ लाख ९ हजार ५ सय मूल्य बराबरको कपडा बरामद गरेको हो। सशस्त्र प्रहरीको मोबाइल गस्ती टोलीलाई देखेपछि मानिसहरु कपडा छाडेर भागेका थिए। नियन्त्रणमा लिएको कपडा आवश्यक कारबाहीका लागि महेशपुर भन्सार कार्यालयमा बुझाइएको सशस्त्र प्रहरीबल नेपाल न.२६ गण नवलपरासीका सूचना अधिकारी माधब रेग्मीले बताए।


## साउदीमा रोजगार | कम्पनी : SONS OF SULAIMAN MUBARAK ALMASOUDI CO. शहरः RIYADH

पुर्व स्वीकृत मितिः २०७८/०६/१३ चलानी नं.: ६०१६४३८१ L.T. No.: 246887

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 10 | 0 | स. काममा दक्ष | 1800 | ५६,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज २२ गते (8 October 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

श्रम ईजाजत पत्र नं. ४९५/०६१/०६२

**अल-समित म्यानपावर प्रा. लि.**
सामाखुसी, टाउनप्लानिङ, काठमाडौं, फोन नं.: ४३८२२२२, ४३८२४४४, ४३८६५४४, फ्याक्सः नं. ४३८१३६४
Website: www alsmmc com E mail: alsamitmanpower495@gmail com
ISO 9001 certified company

## कतारमा रोजगार | कम्पनी :GULF SERV शहरः QATAR

पूर्व स्वीकृत मितिः २०७६/११/२७ चलानी नं.: ६०१५३२८३ LT. No.: 234659 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 26 | 0 | स. काममा दक्ष | 900 | २९,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज २२ गते (8 October 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**सत्यम इण्टरनेशनल सर्भिस प्रा. लि.**
सुविधानगर, काठमाडौं, नेपाल, फोनः 01-5199336, 5199157
Govt. Lic No.: 569/062/063
मो.: 9802090520, 9802090531 | Email: stmintlnpl@gmail.com

## सम्पादकीय

### प्रभावकारी अनुमगनमा जोड

नेपालीको ठूला चाँडपर्वहरू नजिकिएको छ । चाँडपर्व भनेको पारिवारिक मेलमिलाप सहितको सांस्कृतिक उत्सव मात्र होइन, सामाजिक एकताको प्रतीक पनि हो । यस्तो बेला सामाजिक दायित्व बढ्नु स्वभाविक हो । पारिवारिक र सामाजिक भेटघाट बढ्ने हुँदा किनमेल बढी हुन्छ । यस्तै बेला अर्कातिर उपभोग्य सामग्रीमा कृतिम मूल्य बृद्धि सामान्य हुन थालेको छ । कालो बजारीले सीमा नाघेको हुन्छ । गुणस्तरको त कुरै नगरौं । ठूला र प्रतिष्ठित कम्पनीहरू नै उपभोग्य समय गुज्रेका सामग्रीमा नयाँ मिति राखेर बजार पठाउने प्रवृत्ति रोकिएको छैन । विगतमा जस्तै यसपटक पनि बढी प्रयोग हुने चिनी र खाने तेलको मूल्य बढेको छ । नजिकिएको दशैं, तिहार, छठ, नेपाल सम्वत् जस्ता पर्वमा यी सामग्रीको अधिक प्रयोग हुन्छ ।

मूल्य वृद्धि नियन्त्रण गर्न सरकारका विभिन्न संयन्त्र छन् । ती संयन्त्रहरूले बेला बेलामा अनुगमन र निरीक्षण गरेको प्रचार पनि गर्छन् ।  तर, त्यो 'विरालो घाँटीमा घण्टी बाँध्ने' जस्तो मात्र हुने गरेको छ । एक त ठूला उद्यमी व्यवसायीकोमा अनुगमन निरीक्षण नगर्ने र निरीक्षण गरिए पनि विभिन्न बाहनामा उन्मुक्ति दिने नियति नै बनेको छ । कथंकदाचित समातियो हाले शक्ति केन्द्रको दवावमा दोषीलाई उन्मुक्ति दिने गरिएको छ । बिरलै अदालतमा पुग्ने मुद्दामा पनि न्यायोचित फैसला नआउने गरेको गुनासो छदैछ ।

यदि सरकार कालो बजारी नियन्त्रण गरेर मूल्य बृद्धि नियन्त्रण गर्न चाहन्छ भने सबैभन्दा पहिले राजनीतिक नेतृत्व, गृह प्रशासन, आपूर्ती प्रशासन र न्याय प्रशासन बीच उच्च स्तरीय समन्वय गरिनुपर्छ । दोषीमाथि कुनै पनि प्रकारले सहानुभूति प्रकट गर्नु हुँदैन । मेरो चन्दा दाता, मेरो पार्टीको समर्थक, मेरो कमिसन दाता जस्ता मान्यताबाट माथि उठेर कालोबजारी भनेको कालोबजारी नै हो, तस्करी नै हो भन्ने बुझ्नुपर्छ । तिनीहरूका कुनै पार्टी, लिंग, जात, धर्म, समुदाय नै हो भन्ने मान्यताका आधारमा अनि बल्ल मूल्य बृद्धि नियन्त्रण हुन सक्छ । अन्यथा अहिलेकै जस्तै 'तँ रोए जस्तो गर, म कुटे जस्तो गर्छु' को अनुभूति दिलाउनेगरी गरिने अनुगमनको कुनै अर्थ रहँदैन ।

## सामाजिक सञ्जाल



गठबन्धन भन्ने बित्तिकै धेरै जनाको एकमुस्ट बल भन्ने बुझिन्छ, हाम्रो सरकार साँच्चै बलियो छ भने लिपुलेक र कालापानी क्षेत्रको वास्तविक जनसंख्या जनगणनामा समावेश हुनेछ, नत्र गठबन्धन कुर्सी बाँडिचुँडी समूहमै सीमित रहनेछ । सत्ता साझेदारीलाई दलहरूबिच अंश बण्डाको रूपमा बुझ्नु गलत हो ।

**- सुनिल चाम्लिङ**



देउवाले बोलाएको सर्वदलीय बैठकमा ओली गएनन् । यस्लाई नघुमाई सोझो अर्थले आकंलन गर्दा ओलीले बोलाएको संवैधानिक परिषद् तथा सर्वदलीय बैठकमा जसरी देउवा र प्रचण्ड गएनन् उसरी नै टिट फर ट्याटको हिसाब–किताब गरिएको हुनुपर्छ । फेलर स्टेटोन्मुख मुलुकलाई अब कसैको जाने नजाने कुराले जोगाउला र ?

**- गोविन्दकुमार थापा**



उता बिहारमा नितिश कुमारले साइकल दिएर छोरीहरूको आत्मविश्वास जगाउँदै नयाँ उडान भर्न सिकाए, यता २ लम्बरी प्रमुख लालबाबुले 'बेटी बचाउ' भन्दै साइकलको पाङ्ग्रासमेत बाँकी राखेनन् । बिहारसँग लजाउनु पर्ने मेरो देशको संघीयता ।

**- सदिक्षा कार्की**



अर्थशास्त्र र बजारका साधारण तर आधारभूत नियम नबुझी पूँजीवाद, दलाल पूँजीवाद अनि समाजवाद भन्दै जीवन बित्ने भो । उहाँले भनेको रामराज्य, सबै आँफैले उत्पादन गर्ने, सबै स्वाबलम्बी हुने भन्ने नियम हुँदो हो त टारजन पनि खान नपाएर भोकले, पात बेर्न नपाएर जाडाले मर्छ ।

**- दिपेन्द्र डिसि**



अहिले महामारीका कारण नेपाली चलचित्र क्षेत्र थप्प छ । चलचित्रले नै बनाइदिएको ब्राण्डलाई बिकाएर नायक/नायिकाहरू महंगो पारिश्रमिकमा म्युजिक भिडियोमा काम गरिरहेका छन् । तर, यही चलचित्र क्षेत्रलाई समस्या पर्दा र उनीहरूको आवश्यकता खोजिरहँदा अधिकांश स्टार कलाकारहरू भने मौन बसेका छन् । किन ?

**- प्रेम गाहा मगर**


### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article.madhyanhadaily@gmail .com

# संविधान र परिवर्तनको आकांक्षा

०७२ मा जारी संविधानले जनताको चाहना र जनआन्दोलनको उद्देश्य पुरा गर्न सकेन । संविधानमा धर्मनिरपेक्षता, गणतन्त्र, समावेशिता, संघीयता उल्लेख हुनु रुपमा सकारात्मक जस्तो देखिएता पनि सारमा संविधानले नेपाली जनताको संघर्ष र क्रान्तिका उपलब्धिलाई संस्थागत गर्न र अन्तर्राष्ट्रिय अनुवन्धहरु प्रतिको प्रतिबद्धता पालना गर्न सकेन ।



● प्रा. डा. ओम गुरुङ




### संविधानबारे

धेरै लामो समयपछि नेपालमा २०७२ असोज ३ गते नयाँ संविधान जारी भयो । तर, यो संविधान संवैधानिक विधि र लोकतान्त्रिक प्रक्रियाको आधारमा जारी नभएर हतार-हतारमा चार राजनीतिक दल, नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र), तत्कालिन नेकपा (एमाले), र तत्कालिन मधेसी जनाधिकार फोरम (लोकतान्त्रिक)बीच २०७२ साल वैशाख २५ गते भएको सोह्र बुँदे सहमतिको आधारमा जारी भएको थियो । संविधान जारी भएपछि ति दलका नेताहरु र तिनका समर्थकबिच खुसी र हर्षोल्लास छायो भने आदिवासी जनजाति, मधेसी, मुस्लिम, दलित, खस तथा अन्य उपेक्षित/उत्पीडित वर्ग, समुदाय र लिङ्गबीच निराशा छायो । संविधान लेख्ने र जारी गर्ने राजनीतिक दलहरुले यो संविधानलाई संसारकै उत्कृष्ट, दक्षिण एसियामा सबैभन्दा प्रगतिशील र नेपालका लागि युगान्तकारी भन्दै यसलाई स्वागत र स्वीकार गर्न आम नेपाली जनतालाई आह्वान गरिरहेका छन् । तर, नेपालका आदिवासी जनजाति, मधेसी, मुस्लिम, दलित, खसलगायत अन्य उपेक्षित/उत्पीडित बर्ग, समुदाय र लिङ्गले भने यो संविधानलाई प्रतिगामी, यथास्थितिवादी र जनविरोधी भन्दै संविधानप्रति असहमति जनाएका छन् र यसलाई अस्वीकार गरिरहेका छन् । संविधान अस्विकार गर्नुका मुख्य कारणहरु यस प्रकार छन् :

### जनआन्दोलनको भावना विपरीत

संविधानको मूल उद्देश्य आजसम्म नेपालमा विद्यमान एकात्मक र केन्द्रीकृत, पितृसत्तात्मक सामन्ती हिन्दु राज्यसत्तालाई अन्त्य गरी धर्मनिरपेक्ष, गणतन्त्र, समानुपातिक समावेशी प्रतिनिधित्व, समावेशी लोकतन्त्र र पहिचान सहितको संघीय गणतन्त्र स्थापना गर्नु थियो । यसका लागि आदिवासी जनजाति आन्दोलन, माओवादी जनयुद्ध, तत्कालिन नेकपा (माओवादी) र सात दलबीच भएको बाह्रबुँदे समझदारी, ०६२/६३ सालको जनआन्दोलन, मधेस विद्रोह, संसदको पुनर्स्थापन, माओवादी र सरकारबीच बृहत शान्ति सम्झौता, अन्तरिम संविधान २०६३ को घोषणा, नेपाल सरकार र आदिवासी जनजातिहरु तथा मधेसी समुदायसँग विभिन्न समयमा सहमति/सम्झौता भएका थिए । तर संविधानले जनताको चाहना र जनआन्दोलनको उद्देश्य पुरा गर्न सकेन । संविधानमा धर्मनिरपेक्षता, गणतन्त्र, समावेशिता, संघीयता उल्लेख हुनु रुपमा सकारात्मक जस्तो देखिएता पनि सारमा संविधानले नेपाली जनताको संघर्ष र क्रान्तिका उपलब्धिलाई संस्थागत गर्न र अन्तर्राष्ट्रिय अनुबन्धहरुप्रतिको प्रतिबद्धता पालना गर्न पनि सकेन ।

### लोकतान्त्रिक प्रक्रिया विपरीत

यो संविधान प्रमुख चार दलको सोह्र बुँदे सहमतिमा टेकेर बनेको छ । संविधान जारी गर्ने अन्तिम समयमा चार दलमध्येका एक दल (तत्कालिन मधेसी जनाधिकार फोरम लोकतान्त्रिक)लाई पनि संविधानसभाबाट बाहिरिन बाध्य पारियो । चार राजनीतिक दलबीच भएको यस्तो सहमति आदिवासी जनजातिहरुको भावना र चाहनाको विपरीत मात्र नभएर उक्त सहमति नेपालको अन्तरिम संविधानको धारा-१३८ (१) र धारा-१३८ (२) को पनि विपरीत छ । संविधान जारी गर्ने बेलामा संविधानसभाभित्र संविधानको अन्तर्वस्तुबारे निर्वाचित जनप्रतिनिधिहरुबिच कुनै छलफल भएन । बरु नेपालमा २०७२ वैशाख १२ र २९ गते गएको विनाशकारी महाभूकम्पका कारण नेपाली जनताको ध्यान भूकम्पतिर मोडिएको अवसर पारेर संविधान जारी गर्ने अन्तिम प्रक्रियामा संविधानसभामा प्रतिनिधित्व गर्ने तराई–मधेसवादी दलहरुलाई समेत समाहित नगरी हतारमा संविधान घोषणा गरियो ।

